# जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि.
# JOSHI HYDROPOWER DEVELOPMENT COMPANY LTD.
Kalopul, Kathmandu, Nepal
Tel: 01-4462844
Website: www.joshihydropower.com


च. नं.:- १२/-०८१/८२

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,  मिति : २०८१/१०/१५

सिंहदरबारप्लाजा, काठमाडौ ।

**विषय** : साधारण सभाको स्थागन तथा पुनः बस्ने जानकारी बारे ।

महोदय,

उपरोक्त विषयमा यस जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको नवौं र दशौं वार्षिक साधारण सभा मिति २०८१ साल माघ १५ गते मंगलबार बिहान १०:०० बजेबाट प्रारम्भ गर्ने पूर्व निर्धारित तालिका बमोजिम सेलिब्रेशन हाईट(पार्टिहल), सुकेधारा काठमाडौमा आवश्यक सम्पूर्ण तयारी गरी सभा प्रारम्भ गर्न कम्पनी ऐन,२०६३ तथा कम्पनीको नियमावली अनुरुप शेयरधनीहरुको प्रतिनिधित्व हुनु पर्ने व्यवस्था बमोजिम उपस्थित शेयरधनीको गणपूरक संख्या(कोरम) गणना गर्दा संख्या नपुगेकाले सभा स्थगित गरिएको व्यहोरा जानकारी गराइन्छ । साथै स्थगित भएको वार्षिक साधारण सभा पुनः बस्ने सम्बन्धमा छलफल तथा निर्णय गर्न यस कम्पनीको संचालक समितिको मिति २०८१/१०/१५ गते दिउँसो ३:०० बजे बसेको सत्ताईसौं बैठकले स्थगित भएको नवौं र दशौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा पुनः बस्ने निर्णय गरेको व्यहोरा अनुरोधका साथ जानकारी गराउँदछौं । साथै शेयरधनीहरुको जानकारीको लागि नेपाली राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिने व्यहोरा समेत अनुरोध गर्दछौं ।

वार्षिक साधारण सभाको कार्यक्रमः

| | |
|---|---|
| सभा हुने मिति | : २०८१/१०/२४ गते बिहीबार । |
| स्थान | : सेलिब्रेशन हाईट, पार्टिहल, सुकेधारा, काठमाडौ । |
| समय | : बिहान १०:०० बजे । |

**संलग्न** : मिति २०८१/१०/१६ गतेको अर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गर्न तयार गरिएको सूचनाको नमूना

(छाप: जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि., स्था: २०६२, काठमाडौं)

गंगा प्रसाद जोशी

# जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको स्थगित वार्षिक साधारण सभा पुनः बस्ने बारेको सूचना

**प्रकाशित : मिति : २०८१/१०/१६ गते**

यस जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको मिति २०८१/१०/१५ गते विहान १०:०० बजे बस्ने गरी बोलाईएको नवौं र दशौं बार्षिक सधारण सभा प्रारम्भ गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको व्यवस्था अनुसारको गणपूरक संख्या पुग्न नसकी स्थगित हुन गएकोमा उक्त स्थागित वार्षिक साधारण सभा कम्पनीको संचालक समितिको मिति २०८१/१०/१५ गतेको सत्ताइसौं बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा पुनः बस्ने भएकोले शेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **सभा हुने मिति** | : २०८१/१०/२४ गते विहीबार |
| **स्थान** | : सेलिब्रेशन हाइट,(पार्टिहल) सुकेधारा, काठमाडौं । |
| **समय** | : विहान १०:०० बजे |

**साधारणसभा सम्बन्धी जानकारीः**

१) कम्पनीको नवौं र दशौं वार्षिक साधारण सभामा शेयरधनीहरुको गणपूरक संख्या नपुगी स्थगित हुन गएकोले सोही साधारण सभाको निरन्तरताको रुपमा रहेकोले सोही वार्षिक साधारण सभाको लागि तोकिएको प्रस्तावहरु उपर छलफल तथा निर्णय हुने व्यहोरा शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचित गरिन्छ ।

२) कम्पनीको नवौं र दशौं वार्षिक साधारण सभामा गणपूरक संख्या नपुगी स्थगित भएको र सोही साधारण सभाको निरन्तरता भएकोले साधारण सभाको प्रयोजनका लागि तोकिएको समय भित्र कम्पनीमा दर्ता भएका प्रतिनिधि-पत्र(प्रोक्सी)लाई मान्यता दिईनेछ । स्थगित भई पुनः बोलाईएको साधारण सभामा शेयरधनी स्वम उपस्थित हुन नसक्ने भएमा अन्य शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ । यस्तो प्रतिनिधि-पत्र(प्रोक्सी फारम) सभा हुनु भन्दा २४ घण्टा अगावै कम्पनीको कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ ।

३) साधारण सभा सम्वन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय कालोपुल, काठमाडौं, फो. नं. ०१-४५६२८४४ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।